पाठ - ३

# संस्कृतिको नयाँ यात्रा

सुधा त्रिपाठी

## शब्दभण्डार

१. **उस्तै अर्थ आउने शब्दहरूको जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| प्रतिष्ठा | इज्जत |
| एकाकार | एकै किसिमको |
| उत्पीडित | पीडा दिइएको |
| विद्रोह | ठूलो विरोध |
| कार्यान्वयन | योजनाअनुसार |
| प्रवाहशील | निरन्तर बगिरहने |

२. **दिइएका अर्थ मिल्ने पदावलीहरू पाठबाट खोजेर लेख्नुहोस् :**

| **पदावलीहरू** | **अर्थ** |
|---|---|
| समुद्रको जहाजमा बसेर यात्रा गर्ने | नाविक यात्रा |
| एउटै मात्र संस्कृति | साझा संस्कृति |
| यात्रालाई प्रत्यक्ष हेर्ने दर्शक | प्रत्यक्षदर्शी |
| सांस्कृतिक हिसाबले प्राप्त गर्ने न्याय | सांस्कृतिक न्याय |
| विचलित नहुने यात्रा | अविचलित यात्रा |
| सबैको हक लाग्ने सम्पत्ति | साझा सम्पत्ति |

३. **शब्दकोश हेरर दिइएका शब्दको अर्थ लेख्नुहोस्:**

| **शब्द** | **अर्थ** |
|---|---|
| स्मृति | सम्झना |
| जिज्ञासा | जान्ने इच्छा |
| जीव वैज्ञानिक | प्राणी/जीवको अध्ययन गर्ने व्यक्ति |
| प्रगति | उन्नति |
| सामेल | सहभागी हुनु |
| दमन | अरूलाई हेप्ने काम |
| मनुष्यत्व | मनुष्य/मानिस हुनुको भाव |
| दमित | हेपिएका |
| बहिष्कार | असहभागिता |

४. **दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

➲

| | |
|---|---|
| **उदात्त** | सामाजिक एकता कायम गर्न समाजका सदस्यमा उदात्त भावना/विचार हुनुपर्छ। |
| **अनुभूति** | प्रत्येक व्यक्तिले बाल्यकालका अनुभूतिलाई बिर्सन सक्दैन। |
| **सुनिश्चितता** | संविधानले बालअधिकारको सुनिश्चितता प्रस्तुत गरेकामा बालबालिका खुसी छन्। |
| **दमक** | दमक (अरूलाई दबाउने) बर्गका मानिस खराब हुन्। |
| **पङ्खफुक्का** | प्रेमका सम्बन्धमा युवायुवतीको मन पङ्खफुक्का भएर उडिरहेको हुन्छ। |
| **निर्मित** | मानवनिर्मित साधनले जीवन सुखी भएको छ। |
| **न्यायपूर्ण** | न्यायपूर्ण वातावरण सामाजिक समानताका लागि अपरिहार्य छ। |
| **अविचलित** | हामी आफ्नो लक्ष्य प्राप्तिमा अविचलित भई अघि बढ्नुपर्छ। |

५. **दिइएका विषय क्षेत्रका शब्दहरू खोजेर लेख्नुहोस् :**

➲ (क) नेपाली चाडपर्वहरू : दसैँ, तिहार, देउसी, भैलो, जमरा, दक्षिणा, नौरथा

(ख) नेपाली नृत्यहरू : ताल, सुर, घाटु

(ग) नेपालका भाषाहरू : अवधि, भोजपुरी, वान्तवा, थारू

(घ) नेपाली पोसाक : दौरासुरुवाल, गुन्यूचोली, हाकुपटासी, अँचरा खड्की

(ङ) नेपाली खानाका स्थानीय परिवार : खीर, तिलका लड्डु, भक्का, सेलरोटी, यमरी

## बोध र अभिव्यक्ति

१. **संस्कृतिको नयाँ यात्रा निबन्धको हरेक अनुच्छेद पालैपालो सस्वर पठन गर्नुहोस् र पठन गतिको मूल्याङ्कन गर्नुहोस् :**

२. **दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) **माथिको पाठ कति अनुच्छेदमा संरचित छ ?**

➲ माथिको पाठ आठ अनुच्छेदमा संरचित छ।

(ख) **पाठको दोस्रो अनुच्छेदमा कुन विषयलाई मुख्य भाव वा विचार बनाइएको छ ?**

➲ पाठको दोस्रो अनुच्छेदमा मानव जीवनलाई मुख्य विषय बनाइएको छ।

(ग) **पाठको छैटौँ अनुच्छेदमा कस्ता विषयवस्तु प्रस्तुत गरिएको छ ?**

➲ पाठको छैटौँ अनुच्छेदमा नेपालका सांस्कृतिक चाडपर्वहरूलाई प्रस्तुत गरिएको छ।

(घ) **निबन्धको पाँचौं अनुच्छेदमा कतिओटा वाक्यहरू छन् ?**

➲ निबन्धको पाँचौं अनुच्छेदमा २२ ओटा वाक्यहरू छन्।

३. **पाठको अन्तिम अनुच्छेद पढ्नुहोस् र अनुच्छेदका आधारमा पाँचओटा प्रश्न बनाउनुहोस् :**

बाल्यकालमा दसैं मनाउन मामाघर गएको स्मृतिमा अटाएको मन पङ्खाफुका छ आज। वीरगन्जको यात्रामा देखेका धान खेत र चौधरी काकाका घरको माघीको माछा र परिकार आज पनि मेरो स्मृतिमा ताजै छ। सिराहाकी यादव साथीको घरका छठ पर्वको अतिथि बनेको अनुभूति पनि जिउँदो छ। उदयपुरकी राई बहिनीको परिवार र तिनको संस्कृतिले पनि लोभिएकै हुँ। रोल्पाका मगर साथीको घरमा पनि पुगेकी हुँ र त्यहाँको संस्कृतिको परिचय पनि पाएकै हुँ। धेरै समयपछि बर्दियामा मनाएको माघीले पनि मलाई तानेकै छ। हामी के हिमाल, के तराई, के पहाड, एउटै साझा संस्कृति निर्माणको समयमा छौं र भिन्नता र भेदबाट मुक्त समाजको निर्मितमा छौं। मेरो छ दशक लामो यस यात्रामा परिवर्तन देखेकी छु र रमाएकी पनि छु। यति भएर पनि म अझै सन्तुष्ट छैन। नयाँ समाज र नयाँ संसारको खोज मेरो जीवनयात्रा हो। यो यस्तो यात्रा हो, जसले सांस्कृतिक सत्यलाई स्वीकार गरोस् र सांस्कृतिक न्यायलाई स्थापना गरोस्। "वसुधैव कुटुम्बकम्" को संस्कृतिलाई स्थापित गरोस्। एउटा उज्यालो बाटको यो यात्रा निरन्तर र अविचलित गतिमा अघि बढिरहोस्। म त यस यात्राकी साक्षी मात्रै हुँ, अबको नयाँ पुस्ताले नयाँ बाटो बनाओस्। नयाँ पुस्ता एउटा नयाँ उज्यालो हो र तिनका आँखामा मैले देखेको उज्यालो ज्योति यही हो।

➲ (क) लेखकमा कुन कुराको अनुभूति जिउँदै छ ?

(ख) राई बहिनीको परिवार कहाँ बस्छ ?

(ग) हामी कस्तो समयमा छौं ?

(घ) लेखकको जीवनयात्राको उद्देश्य के हो ?

(ङ) वसुधैव कुटुम्बकम्को आशय के हो ?

४. **पाठका आधारमा उपयुक्त विकल्प छानी खाली ठाउँ भर्नुहोस् :**

➲ (क) जब म यो नै संस्कृति हो भनेर बुझ्न थाले, त्यति बेलासम्म र अझै पनि यी पर्व मेरो जीवन र मनोविज्ञानमा सदैव रहिरहेका छन्।

(ख) नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी साझा संस्कृति मैरै संस्कृति थिए।

(ग) मनुष्य जीवनको सार्थकता भन्नु नै संस्कृति हो।

(घ) मैले यस यात्रामा सामेल भएर जीवन दिएँ।

(ङ) मनुष्यको मनुष्यत्व र मानवको मानवता नै सबैभन्दा ठूलो कुरा हो।

५. **"जीवन एउटा ...... तरखरमा थिए" निबन्धाँश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस्।**

जीवन एउटा प्रवाहशील नदी हो। यो सामुद्रिक नाविकहरूको यात्रा जस्तै हो, जसलाई हामी निरन्तर दौडाइरहेका हुँदा रहेछौं। यो मनुष्यको यस्तो गतिशील यात्रा

रहेछ, जसलाई हामी भोग्ने, बुझ्ने, सम्झने र विचार गर्ने गर्दा रहेछौँ। यही यात्राके सिलसिलामा म दुर्गम भनिएको पहाड छाडेर काठमाडौँ पुगेँ। म प्रकृतिको काखमा रमाउने मान्छे केही समय र सहमा घुलमिल हुन पनि कठिन भयो। बिस्तारै सहरका गल्ली, कोलाहल र भिडभाडहरूसँग परिचित हुन थालेँ। काठमाडौँको एउटा कन्य विद्यालयमा भर्ना भएर पढ्न थालेपछि मलाई थाहा भयो नेपाल त व्यापक रहेछ। यही व्यापकतामा मैले त्यहाँ मेरा तामाङ, गुरुङ, मगर, लिम्बू, राई, झा, यादव, नेवार आदि साथीहरू पाएँ। त्यहाँका हामी कोही शरद्को दसैँ मनाउँथ्यो तर कोही भने अर्कै समय र अर्कै दिनलाई दशैँ मनाउँथे। कोही बुद्ध पूर्णिमाको कुरा गर्थे, कोही उँधौली उँभौलीको कथा सुनाउँथे, कोही क्रिसमसको गीत गाउँथे। कोही ल्होसारलाई आफ्नो मूल चाडका रूमा मनाएको कुरा गर्थे, कोही माघीको परिकार बताउँथे र कोही देउडाको भाका गाउँथे। त्यसपछि म सिङ्गो नेपाल चिन्न सक्ने भएँ र म महाकाली र मेचीको सिङ्गो परिवेशमा नव नव संस्कृतिको अनुभव गर्न थालेँ। भिन्न धर्म, भिन्न संस्कृति, भिन्न पहिरन, भिन्न पहिचान मलाई बल्ल थाहा भयो नेपाली जीवन त यी विवधता र विभिन्नताको सुन्दर साङ्लो पो रहेछ। नेपाल त मेचीदेखि महाकाली र उत्तर हिमालयदेखि दक्षिण तराई मधेससम्मको उदात्त चेतना र भावमा फैलेको रहेछ। यही विद्यालयीय जीवन हो जहाँ मैले काठमाडौँको नेवार संस्कृति, मुस्ताङको थकाली संस्कृति, पूर्वको किराँत संस्कृति बुझेँ। उत्तरको शेर्पा संस्कृति, तराई मधेसको मधेसी संस्कृति, पश्चिमको मगर र थारू संस्कृति बुझेँ। दार्चुला, कर्णाली हुँदै काठमाडौँ उपत्यकाको कञ्चनजङ्घाको काखसम्मको संस्कृति र कलासँग परिचित हुने अवसर प्राप्त गरेँ। नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी साझा संस्कृति मेरै संस्कृति थिए, मैले देशका सम्पत्ति थिए र मेरा ती सबै मित्रहरू एकै फूलबारीका साझा फूलहरू थिए। म पनि त्यही फूलबारीकी एउटी बिरुवा थिएँ र साझा बनेर फुल्ने र फक्रने तर्खरमा थिएँ।

**प्रश्नहरू**

(क) **जीवनलाई किन यात्रा भनिएको हो ?**

➲ जीवन प्रवाहशील नदी जस्तै निरन्तर अघि बढिरहने कहिल्यै नरोकिने भएकाले यसलाई यात्रा भनिएको हो।

(ख) **अनुच्छेदका आधारमा 'म' पात्रलाई चिनाउनुहोस् ।**

➲ 'म' पात्र नेपालको दुर्गम पहाडी गाउँमा हुर्किएकी र अध्ययन गर्न सहर आएकी नारी पात्र हुन्।

(ग) **नेपाली जीवनलाई किन विविधताको सुन्दर साङ्लो भनिएको हो?**

➲ नेपाली जनसमुदायमा प्राचीन कालदेखि रहेका विभिन्न संस्कृति, चाडपर्व, खानपान, पहिरन आदिमा सबैको उत्तिकै सहभागिता हुने हुनाले नेपाली जीवनलाई विविधताको सुन्दर साङ्लो भनिएको हो।

(घ) **अनुच्छेदमा नेपालमा रहेका कुनकुन संसकृति उल्लेख छन् ?**

➲ अनुच्छेदमा उल्लेख भएका संस्कृतिहरू निम्नलिखित छन् :
नेवार संस्कृति, थकाली संस्कृति, किराँत संस्कृति, शेर्पा संस्कृति, मधेसी संस्कृति, मगर संस्कृति, थारू संस्कृति ।

६. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मलाई लाग्यो प्रश्न गर्नु आलोचनात्मक हुनु हो र प्रश्नले मानिसलाई विवेकी बनाउँछ, तार्किक बताउँछ र बुद्धि दिन्छ। प्रश्न गरेको भए ग्यालिलियो ग्यालिलियो हुने थिएनन्। गार्गी र मैत्रेयी गार्गी, मैत्रैयी हुने थिएनन्। अलिकति विद्रोह त चाहिन्छ नै समतामूलक समाज बनाउन। मैले मङ्गलादेवी सिंह, साहना प्रधान सम्झेँ, मैले राजराजेश्वरी, योगमाया र विद्रोही धेरै महिलाहरू सम्झेँ। यो समानताका यात्रामा मैले धेरै पुरुषहरूलाई सम्झेँ, जो महिलासँगै मिलेर न्यायपूर्ण साझा संस्कृतिको निर्माण गर्न चाहन्थे। यस महान् स्वतन्त्रताको यात्रालाई पूर्णता दिन चाहन्थे। मैले यस यात्रामा सामेल भएर आवाज दिएँ। देशमा लोकतन्त्र आयो, देशमा गणतन्त्र आयो। संविधानले सांस्कृतिक पहिचान स्थापित गर्‍यो। समानताका विषय ल्यायो तैपनि हामीले न्याय खोज्नु छ, संविधानको कार्यान्वयन खोज्नु छ र सुन्दर संस्कृतिको निर्माण गर्नु छ। हामीले प्राप्त गर्ने न्याय पनि यही हो। नयाँ नेपालको सांस्कृतिक दिशा र गति पनि त यही हो।

**प्रश्नहरू**

(अ) **जीवनमा आलोचनात्मक हुन के गर्नुपर्छ ?**

➲ जीवनमा आलोचनात्मक हुन कुनै कुरालाई वास्तै नगरी स्वीकार्नु भन्दा त्यसमाथि सकारात्मक प्रश्न गर्नुपर्छ।

(आ) **निबन्धांशमा कस्तो संस्कृतिको परिकल्पना गरिएको छ ?**

➲ निबन्धांशमा न्यायपूर्ण साझा संस्कृतिको परिकल्पना गरिएको छ।

७. **दिइएको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

संस्कृति हाम्रो परिचय हो, हाम्रो पहिचान हो र हाम्रो अनुभूति हो। संस्कृति हाम्रो बोल्ने, विचार गर्ने र बाँच्ने तरिका पनि हो। हाम्रो संस्कृति बाँच्नुपर्छ, त्यसैले हाम्रा सांस्कृतिक मूल्यहरू बाँच्नुपर्छ। दसैं हाम्रो संस्कृति हो, तिहार हाम्रो संस्कृति हो। तिज, बुद्ध पूर्णिमा, उधौली, उभौली, ल्होसार, क्रिसमस, इद सबै हाम्रा संस्कृतिक हुन्। सभ्यताको यस यात्रामा म बारम्बार सोध्छु र सोच्छु यस्ता सुन्दर अवसरलाई हामीले सदुपयोग गर्नै पर्छ। संस्कृतिका नाममा लिङ्ग, वर्ग, जातिका आधारमा हुने भेद विकृति हुन्। ती कुरा हट्नुपर्छ र संविधानले यसको सुनिश्चितता पनि गरेको छ।

**प्रश्नहरू**

(अ) **संस्कृति भनेको के हो ?**

➲ संस्कृति भनेको मानिसको जीवनको सम्पूर्ण पद्धति/प्रणाली हो । यसले हाम्रो जीवनको विभिन्न परम्परा, चालचलन, खानपान, धर्म आदि सबै कुराको प्रतिनिधित्व हो।

(आ) **संविधानले सुनिश्चित गरेका सांस्कृतिक विषयहरू के के हुन् ?**

➲ संविधानले लिङ्ग, वर्ग र जातिका आधारमा सांस्कृतिक भेदभाव हुनु हुँदैन भन्ने कुरा सुनिश्चित गरेको छ।

८. **उत्तर लेख्नुहोस् :**

(क) **नेपालमा के-कस्ता सांस्कृतिक विविधता छन् ?**

➲ नेपालमा सांस्कृतिक विविधताले सम्पन्न मुलुक हो । यहाँ दक्षिणको सुरम्य तराईदेखि उत्तरको हीराझैँ टल्कने हिमाल अनि पूर्व मेचिदेखि पश्चिम महाकालीको भूगोलभित्र बसोबास गर्ने नेपाली जनताका छुट्टाछुट्टै मौलिक संस्कृति छन्। सांस्कृतिक विविधता भए पनि तिनमा एकता कायम छ। यहाँको भूगोलभित्र बसोबास गर्ने प्रत्येक जातजाति, समुदाय, वर्ग आदिका संस्कृतिमा भिन्नता छ। ती संस्कृति मान्ने र मनाउने तरिका फरक छ । हिमाली भेगका शेर्पा जाति, उपत्यकाका नेवार जाति, तराईका थारू जाति आदिले कसैले ल्होसार, कसैले गाईजात्रा, कसैले माघी चाड मनाउँछन् । छठ, इद, उभौली, उधौली, क्रिसमस, बुद्ध पूर्णिमा जस्ता चाडपर्व मनाउने समुदायहरू पनि यहाँ छन्। यी परम्परा, चाड र संस्कृति विशेष रूपमा कुनै एक जाति, वर्ग र सम्प्रदायका भए पनि ती मनाउने क्रममा प्रायः सबै क्षेत्रका मानिसहरू भावनात्मक रूपले एक भएका हुन्छन् । विविधतामा एकता नै नेपाली संस्कृतिका प्रमुख पक्ष हुन्।

(ख) **श्रम र संस्कृति कसरी अन्तरसम्बन्धित हुन्छन् ?**

➲ नेपाली जनजीवन श्रममा विश्वास गर्छन्। श्रमकै पसिनामा मोती फलाउँछन्। श्रम गर्दागर्दै थकित शरीरलाई आराम दिलाउन हृदय खोलेर श्रमकै गीत गाउँछन्। श्रम गर्नु, त्यसैबाट जीवन चलाउनु पनि नेपाली संस्कृतिको अभिन्न पक्ष हो । श्रमले संस्कृति निर्माण गर्छ भने संस्कृतिबाट श्रम गर्ने प्रेरणा पनि मिल्छ । रोपाइँ गर्दै असारे भाकामा गीत गाउनु, हिलो छ्यापेर नाच्नु, दाइँ गर्दा गीत गाउनु आदि श्रम गर्दै संस्कृति मनाउनुका उदाहरण हुन् । श्रमबाट प्राप्त फलले आफ्ना संस्कृति मनाउन खर्चको जोहो गर्छ भने त्यसबाट मनाइएको संस्कृतिले संस्कृतिको जगेर्ना गर्न मदत पुऱ्याएको हुनाले श्रम र संस्कृति अन्तरसम्बन्धित छन् भन्ने प्रष्ट हुन्छ।

(ग) **न्यायपूर्ण संस्कृतिको निर्माण कसरी गर्न सकिन्छ, निबन्धका आधारमा लेख्नुहोस् :**

➲ आफ्नो साझा घर, आफ्नो राष्ट्रभित्र बस्ने प्रत्येक जात, जाति, वर्ग सम्प्रदाय, लिङ्ग, भूगोल, परम्परा आदि कुनै आधारमा भेदभाव नगरी सबैका परम्परागत तथा मौलिक संस्कृतिलाई उत्तिकै सम्मान र संरक्षण गर्नाले नै न्यायपूर्ण संस्कृतिको निर्माण गर्न सकिन्छ। न्यायपूर्ण संस्कृतिको निर्माणका लागि सांस्कृतिक सत्यलाई स्वीकार गर्नु आवश्यक छ। एकअर्काका संस्कृतिलाई सम्मान भावले हेर्ने र त्यही अनुरूप व्यवहार गर्ने गर्नुपर्छ। आफ्नो मुलुकको संविधानमा पनि सबैका संस्कृति र सांस्कृतिक अधिकारको सुनिश्चितता प्रस्तुत भएको हुनुपर्छ । समाजाबट

सांस्कृतिक भेदभावको अन्त्य हुनुपर्छ । "वसुधैव कुटुम्बकम" को संस्कृतिलाई स्थापित गर्नाले नै न्यायपूर्ण संस्कृतिको निर्माण गर्न सकिन्छ ।

९. व्याख्या गर्नुहोस् :

(क) **नेपालको लामो इतिहास र सभ्यताले निर्माण गरेका यी साझा संस्कृति मेरै संस्कृति थिए, मेरै देशका सम्पत्ति थिए र मेरा ती सबै मित्रहरू एकै फूलबारीका फूलहरू थिए ।**

➲ संस्कृतिको नयाँ यात्रा शीर्षकको निबन्धबाट साभार गरिएको यस अंशमा 'म' पात्रले नेपाली जातिका विविध संस्कृतिप्रति सम्मान प्रकट गर्दै ती सबैलाई आफ्नै संस्कृति मानेको भाव प्रस्तुत भएको छ । नेपालको भूगोलका विभिन्न ठाउँमा छरिएर रहेका जनसमुदायले फरक संस्कृति अपनाए पनि ती संस्कृति मान्ने प्रत्येक व्यक्ति नेपाल नामको साझा फूलबारीका सुन्दर फूलहरू हुन् । कुनै फूलबारी धेरै प्रकारका फूलहरूले सजिएजस्तै नेपाली संस्कृति पनि अनेक संस्कृतिको मेलबाट बनेको छ । हामी यस मुलुकको जुन ठाउँमा पुगे पनि त्यहाँको संस्कृतिमा तुरुन्तै घुलमिल हुन सक्छौं । हाम्रा पुर्खाहरूले प्राचीन कालदेखि अवलम्बन गरेका र हामीलाई नासोका रूपमा छोडेका प्रत्येक संस्कृति 'म' पात्रले जस्तै आफ्नै हुन् भन्ने ठान्नुपर्छ ।

संस्कृतिका नाममा कुनै प्रकारको भेदभाव नगरी सम्मान भावले व्यवहार गर्नुपर्दछ । प्रत्येक संस्कृतिलाई आफ्नो अमूल्य सम्पत्तिसरह ठान्नु पर्दछ, तिनको संरक्षणमा आफ्नो जिम्मेवारी देखाउनु पर्दछ । मुलुकको जुन भागमा पुगे पनि, जुन समुदायसँग घुलमिल भए पनि तिनको संस्कृतिलाई मेरो संस्कृति, मेरो देशको संस्कृति भन्ने भावना लिनुपर्दछ । आफूभन्दा भिन्न संस्कृति मान्ने, मनाउने जोसुकैलाई सांस्कृतिक फूलबारीमा फूलेका सुन्दर फुल मान्नुपर्छ र तिनको अभावमा फूलबारीको शोभा घट्छ भन्ने बुझ्नुपर्छ । नेपाल भित्रका अनेक संस्कृतिको निर्माणमा हाम्रा पुर्खाको पसिनाको गन्ध गाउने हुनाले तिनको संरक्षणमा हामीले विशेष ध्यान पुऱ्याउनु आवश्यक छ ।

(ख) **संस्कृतिका नाममा लिङ्ग, वर्ग, रङ, भूगोल, जाति, धर्मका आधारमा हुने भेद विकृति हुन् ।**

➲ मानिसले धर्म, जात, वर्ग, सम्प्रदाय, लिङ्ग आदिका आधारमा फरक संस्कृति अपनाएको हुन सकछ । जसले जुन क्षेत्रमा बसोबास गरेर जुन संस्कृति मनाए पनि ती सबै उत्तिकै महत्त्वपूर्ण भएकाले सबैलाई समान व्यवहार गर्नुपर्छ । यदि एकअर्काका संस्कृतिलाई फरक व्यवहार गरियो भने त्यो संस्कृतिभित्रको विकृति बन्न पुग्छ । संस्कृतिभित्र विकृति भित्रिन दिनु हुँदैन । वर्ग, लिङ्ग, भूगोल, जात आदिका आधारमा हाम्रो मुलुकका जनसमुदायले फरक संस्कृति अपनाएका छन्, ती सबैमा कुनै भेदभाव नगरी एकले अर्काका संस्कृतिको सम्मान गर्नुपर्छ । सबैका संस्कृतिको मेलबाटै साझा संस्कृतिको निर्माण भएको हुन्छ ।

एकले अर्काको संस्कृतिलाई तल्लो जातको, फरक भूगोलको, फरक वर्गको, महिला वा पुरुषको भनेर भिन्न दृष्टिकोणले हेर्नु र मान्नु सबै भन्दा ठूलो विकृति हो। यस प्रकारको विकृतिले सबैको संस्कृतिलाई हानी पुऱ्याउँछ भने जातीय द्वन्द्व, सांस्कृतिक द्वन्द्व, वर्गीय द्वन्द्व निम्त्याउने खतरा बढ्दै छन्। यस प्रकारको विकृतिले सांस्कृतिक युद्ध निम्तिने सम्भावना बढेर जान्छ। संस्कृतिका आधारमा कसैले कुनै प्रकारको भेदभावरूपी विषलाई मनमा आउन दिनु हुँदैन। संस्कृति परिवर्तनशील त छ नै तर परिवर्तनका नाममा विकृति पनि भित्रिन सक्छन् यसबाट पनि संस्कृतिलाई जोगाउनु आवश्यक छ भने लिङ्ग, वर्ग, रङ, भूगोल, जाति धर्मका आधारमा हुने भेद त संस्कृतिका महारोग हुन् यिनलाई हटाउनु आवश्यक छ।

१०. **समीक्षात्मक उत्तर लेख्नुहोस् :**

(क) **नेपालमा विद्यमान संस्कृतिका सबल र दुर्बल पक्षको चर्चा गर्नुहोस् :**

➲ नेपाल सांस्कृतिक विविधताले सम्पन्न समृद्ध मुलुक हो। यहाँको पूर्व मेचीदेखि पश्चिम महाकाली तथा उत्तरको हिमालदेखि दक्षिणको समथर तराईको भूगोलभित्र बसोबास गर्ने मानिस विभिन्न संस्कृति मान्दछन्। प्रत्येक जातजाति, समुदाय, सम्प्रदाय, वर्ग, लिङ्ग आदिका संस्कृतिहरू फरक छन् तर ती संस्कृतिका बीचमा एकता छ। नेपाली संस्कृति भनेको सुन्दर फूलबारीमा फूलेका थरीथरी फूलहरू जस्तै हुन्। कुनै पनि कुराका राम्रा र नराम्रा वा सबल र दुर्बल पक्ष दुवै हुन्छन्। नेपालमा विद्यमान विभिन्न संसकृतिका पनि सबल र दुर्बल दुवै पक्ष रहेका छन्। संस्कृति मानव जीवनसँग प्रत्यक्ष जोडिएको विषय हो। नेपाली संस्कृतिमा मान्यजनलाई सत्कार गर्नु, अतिथिलाई देवतासरह मान्नु, प्रत्येक जातजातिले आफ्ना चाडपर्व आफन्त र घरपरिवारका सदस्यहरू मिलेर मनाउनु यसका सबल पक्ष हुन्। त्यस्तै नेपालमा विद्यमान कतिपय जातजातिले मात्र मान्ने चाडपर्वमा अन्य जातजाति वा समुदाय पनि सहभागी हुनु वा अवलोकन गर्नु असाध्यै राम्रो पक्ष हो। आफ्नो चाडपर्व, धर्म, संस्कार, परम्परा आदि संस्कृतिभित्र पर्ने कुरालाई प्रत्येक अग्रज पुस्ताले अर्को पुस्तालाई हस्तान्तरण गर्दै जानु नेपालमा विद्यमान संस्कृतिक सबल पक्ष हुन्।

नेपाली संस्कृतिका धेरै बल पक्षहरू हुँदाहुँदै पनि यसका केही दुर्बल पक्षहरू पनि छन्। आफ्नो संस्कृति मनाउने वा मान्ने नाममा आडम्बर देखाउनु, आयातित संस्कृतिको सिको गरेर आफ्नो संस्कृतिलाई बिर्सनु, यसका दुर्बल पष हुन्। संस्कृतिभित्रका कतिपय अन्धविश्वासलाई संस्कृतिको जगेर्ना गर्ने नाममा अँगालिरहनु राम्रो पक्ष होइन। कतिपय जातजाति र सम्प्रदायले आफ्नो संस्कृति उच्च र अरूको निम्न भन्ने भावना पनि पाइन्छ। यस्तो उँच र निचको संस्कृति पनि नेपालमा विद्यमान संस्कृतिका दुर्बल पक्ष हुन्।

(ख) **"सांस्कृतिक रूपमा न्यायपूर्ण समाजले मात्र समतामूलक समाजको निर्माण गर्न सक्छ।" विवेचना गर्नुहोस्।**

➲ "सांस्कृतिक रूपमा न्यायपूर्ण समाजले मात्र समतामूलक समाजको निर्माण गर्न सक्छ" भन्ने भनाइ सत्य हो। जुन समाजमा प्रत्येक जातजाति र समुदायका

संस्कृतिलाई बराबरीको दृष्टिले हेरिन्छ र त्यस्तै व्यवहार गरिन्छ त्यो समाज विकासको चुचुरोमा पुग्न सक्छ। नेपालमा विद्यमान अनेक थरिका संस्कृतिलाई प्रत्येक जाति र धर्मका मानिसले आफ्नै ठानेर अघि बढ्नु आवश्यक छ। समाजलाई समतामूलक बनाउने एउटै मात्र उपाय भनेको प्रत्येक संस्कृतिलाई उत्तिकै महत्त्वको मानेर न्यायपूर्ण व्यवहार गर्नुपर्छ। समाजमा फरक फरक संस्कृति मान्ने र मनाउने मानिस बसेका हुन्छन्। ती सबैले एक अर्काका संस्कृतिलाई आफ्नो जत्तिकै महत्त्वको ठान्नु नै ती संस्कृतिप्रति न्याय गर्नु हो। यस प्रकारको दृष्टिकोण र व्यवहारबाट समाजमा मेलमिलाप कायम भई समतामूलक समाजको निर्माण हुनसक्छ।

ल्होसार पर्व मनाउने, छठ पर्व मनाउने, बिस्केट जात्रा मनाउने, इद मनाउने, दसैँ पर्व मनाउने, क्रिसमस पर्व मनाउने समुदायका बीच एकले अर्काको पर्व, परम्परा र संस्कृतिलाई विभेदका आँखाले नहेरी न्यायका दृष्टिले हेर्नु र व्यवहार गर्नुपर्छ। यी त केवल पर्वका उदाहरण मात्र हुन्। हाम्रो मुलुकमा यस्ता अनेक पर्व र संस्कार छन्। ती सबै मान्ने र मनाउनेले आफै पर्व र संस्कृतिसरह त्यसमा विवाद गर्नु संस्कृतिभित्रको विकृति हो। यस प्रकारको भेदभावले समतामूलक समाजको निर्माणमा व्यवधान पुऱ्याउँछ। आफ्नो समाजमा विद्यमान सबै प्रकारका संस्कृतिलाई सम्मान गर्ने, अरूका चाडपर्वमा पनि सहभागी हुने वा अवलोकन गर्ने र तिनका सबल पक्षलाई ध्यान दिने हो भने समतामूलक समाजको निर्माणमा टेवा पुग्दछ।

संस्कृति प्रत्येक मानिसको जीवन पद्धतिसँग जोडिएको हुनाले सबै मानिसका संस्कृतिको समान मूल्य हुन्छ। समान मूल्य भएका अनेक संस्कृतिको मेलबाट नै साझा संस्कृति निर्माण भएको हुन्छ। समाज समान महत्त्वका संस्कृति मान्ने मानिसको घर भएकाले सबैका संस्कृतिले उत्तिकै न्याय पाउनुपर्छ नकि हेला र घृणा। सांस्कृतिक न्यायले नै भेदभावरहित समतामूलक समाजको निर्माण गर्नसक्छ र गरेको पनि हुन्छ।

११. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् :**

संस्कृतिभित्र कुनै जातजातिका लवाइखवाइ, वेशभूषा, भाषा, दर्शन, मान्यता र विश्वास लुकेका हुन्छन्। जातीय विविधताभित्र सांस्कृतिक विविधता हुन्छ। संस्कृतिको विशेषता जातीय पृथक्ता पनि हो। बहुजातीय मुलुकमा बहुसांस्कृतिक सम्पन्नता पाइन्छ अनि यसको समन्वय गर्ने मुलुक सौन्दर्यमा श्रेष्ठ ठहर्छ। जहाँ सुन्दर फूल फुल्छन्, त्यहाँ भमराहरू लट्ठिएर झुल्छन्। हाम्रो सांस्कृतिक उन्यन सुमनकुञ्ज ब सके अभ्यागत मौरी र भमरा बनी झुम्मिन्छन्। हामी पराग र मधुरस बटुल्न सक्छौँ। मौरीको लगनशीलता सापटी लिएर मह जम्मा गर्न सक्छौ। महको रस सुक्दैन। संस्कृति मधुरस हो, सभ्यता घार हो। हामी सुन्दर विश्वबागमा हृदयाकर्षक धार बनाउन सक्छौँ, हृदय केन्द्रमा सांस्कृतिक मधुरस जम्मा गर्न सक्छौँ।

प्रश्नहरू

(क) **संस्कृतिभित्र के के लुकेका हुन्छन् ?**

➲ संस्कृतिभित्र कुनै जातजातिका लवाइखवाइ, वेशभूषा, भाषा, दर्शन, मान्यता र विश्वास लुकेका हुन्छन्।

(ख) **बहुजातीय मुलुकका के कस्ता विशेषता हुन्छन् ?**

➲ जातजातिका फरक संस्कृति हुनु, ती संस्कृतिका बिच एकता हुनु बहुजातीय मुलुकका संस्कृतिका विशेषता हुन्।

(ग) **'संस्कृति मधुरस हो, सभ्यता घार हो' भन्नाको तात्पर्य के हो ?**

➲ संस्कृतिका सबैका लागि महजस्तै मिठो र प्यारो हुन्छ अनि त्यो मह जम्मा गर्ने वा भएको ठाउँ भनेको हाम्रा सभ्यता हुन् भन्ने यसको तात्पर्य हो।

(घ) **पृथक्ता र अभ्यागत शब्दका अर्थ लेख्नुहोस् :**

➲ पृथकता - फरकपन अभ्यागत - पाहुना

१२. **दिइएको अनुच्छेद पढी चारओटा मुख्य बुँदाहरू टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् :**

विगत हाम्रो अनुभव हो, वर्तमान यथार्थ हो, भविष्य कल्पना हो । आफ्नो परम्परालाई संरक्षण गर्दै भावी पुस्ताका लागि जीवन्त राख्नु वर्तमानको कर्तव्य हो। पुर्खाको विगत, हाम्रो वर्तमानको व्यवहार नै भोलि सन्तानको सांस्कृतिक धरोहर बनने छ । जन्मदिने आमाबुबालाई 'मातृदेवो भवः', शिक्षा दिने गुरुलाई 'आचार्यदेवो भवः', घरमा आएका पाहुनालाई 'अतिथिदेवो भवः', प्राण रक्षा गर्ने वनस्पतिलाई 'वनस्पतिदेवो भवः' भनेर देवत्वकरण गरी आदर गर्ने संस्कृति हाम्रो अमूल्य निधि हो । छोराछोरीलाई संस्कारयुक्त शिक्षा दिनु आजको पहिलो आवश्यकता हो । सन्तानलाई स्रम्पत्ति नदिए केही समयसम्म मात्र रुन्छ, तर संस्कार दिन सकिएन भने जिन्दगीभरि रोइरहन्छ । हामीले अरूको देखासिकी नगरी आफ्नो संस्कार र संस्कृतिको निरन्तर संरक्षण गर्नुपर्छ । निरन्तर बगिरहेको पानीले कठोर ढुङ्गा काटेर विभिन्न आकार बनाइदिन्छ । हामी आफूले आफैँलाई पूजा गरे आत्मपूजाको नमुना प्रस्तुत गर्छौं । आफूभित्रको म तत्त्वलाई नियन्त्रित गरेर परोपकारी बनन प्रेरित गर्ने हाम्रा संस्कृति लोप भए भने हामी पनि मरेतुल्य हुन्छौं। त्यसैले बलियो बनौँ तर असभ्य नबनौँ, दयालु बनौँ तर कमजोर नबनौँ, गर्व गरौँ तर घमन्ड कहिल्यै नगरौँ । संस्कार र संस्कृति व्यक्तिको प्राण हो, त्यसैले यसको संरक्षण गरौँ ।

➲ **मुख्य बुँदाहरू**

(क) आफ्नो परम्परालाई संरक्षण गर्दै भावी पुस्ताका लागि जीवन्त राख्नुपर्ने,

(ख) आमा, बुबा, गुरु, पाहुना र वनस्पतिलाई देवत्वकरण गरेर तिनीहरूप्रति सम्मान गर्नु हाम्रै संस्कृति,

(ग) सन्तानलाई सम्पत्तिभन्दा पनि असल संस्कार र संस्कृति दिनुपर्ने,

(घ) हाम्रो संस्कृति लोप भए हामी मरेतुल्य अवस्थामा पुग्ने।

## सार

हामीले आफ्ना संस्कृति र परम्पराको संरक्षण गर्दै भावी पुस्ताका लागि सुम्पिनुपर्छ। हाम्रो संस्कृतिमा आमा, बुबा, गुरु, पाहना र वनस्पतिलाई देवतासरह सम्मान गर्ने चलन रहेको छ। प्रत्येक जातिले आफ्ना सन्तानलाई उत्तम संस्कार र संस्कृति दिनु आवश्यक छ। संस्कृति लोप भए कुनै पनि जातिको अस्तित्व समाप्त हुन्छ।

## सुनाइ र बोलाइ

१. **सुनाइ पाठ ३ का आधारमा छुटेका शब्द भरी तलका वाक्य पूरा गर्नुहोस् :**

**सुनाइ पाठ ३ : हाम्रो संस्कृति**

हाम्रो समाज मूर्त र अमूर्त संस्कृतिको मिश्रण हो। हाम्रा गाउँ तथा सहरमा प्राचीन सभ्यताका धरोहर यत्रतत्र छन्। साकेला, चासोक, च्याब्रुङ र धान नाचमा रमाउने मन हुड्केली, सोरठी र मारुनीमा त्यत्तिकै रमाउँछ। देउडा र घाटुले भौगोलिक सीमा नाघेर बास्ना छरेका छन्। चान्दी, डाँडी, हनुमान् र पञ्चबुद्ध नृत्यहरू हाम्रा मुटुक ढुकढुकी बनेका छन्। शास्त्रीय र लोक नृत्य, गीत र वादनमा हाम्रा अनन्य सम्पदा छन्। स्याब्रो र तिजीले सखिया, सन्थाल र सरायसँग मितेरी लाउँछन्। भुओ, खैँजडी, बालुन, सँगिनी र लाखे पहाडी सौन्दर्य बनेका छन्। बाली लाउँदा, भित्र्याउँदा, दाइँ गर्दा गाइने गीतहरूो आस गर्दै छन्। गन्धर्व, चर्या, खाँडो र गाथाहरू कुनाकन्दरामा जीवितै छन्। यहाँ भाषको भण्डार छ। संस्कार, रीतिरिवाज र परम्पराका पारखीहरू हाम्रा गाउँमा भुल्छन्, सहरमा रमाउँछन्। खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन्। मन्दिर, विहार, मस्जिद, गिर्जाघर, गुरुद्वारा, थान र मार्गास्थानहरू हाम्रा आस्थाका केन्द्र हुन्। हामी भाषा, धर्म, संस्कृति र परम्परामा बहुल छौँ तर आपसमा सहिष्णु छौँ। यो नै विश्वमा हाम्रो अनुपम पहिचान हो।

(क) हाम्रो गाउँ तथा सहरमा प्राचीन सभ्यता धरोहर यत्रतत्र छन्।

(ख) शास्त्रीय र लोक नृत्य, गीत र वादन हाम्रा अनन्य सपम्पदा छन्।

(ग) बाली लाउँदा, भित्र्याउँदा दाइँ गर्दा गाइने गीतहरू पुनर्जीवनको आस गर्दै छन्।

(घ) खानपान र पहिरसनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन्।

(ङ) हामी भाषा, धर्म, संस्कृति र परम्परामा बहुल छौँ तर आसमा एक छौँ।

२. **उत्तर दिनुहोस् :**

(क) **हाम्रो मन के के कुरामा रमाउँछ ?**

हाम्रो मन साकेला, चासोक, च्याब्रुङ, धान नाच, हुड्केली, सोरठी र मारुनीमा रमाउँछ।

(ख) **देउडा र घाटुले कसरी भौगोलिक सीमा नाघेका छन्।**

देउडा र घाटु पहिले सीमित क्षेत्रमा नाचिन्थ्यो भने अहिले देशका विभिन्न क्षेत्रमा र विदेशमा बस्ने नेपाली समेत देउडा र घाटुमा रमाउन थालेकाले यसले भौगोलिक सीमा नाघेको छ।

(ग) **संस्कृतिका पारखीहरू कहाँ रमाउँछन् ?**

➲ संस्कृतिका पारखीहरू गाउँसहर सबैतिर रमाउँछन्।

(घ) **खानपान र पहिरनमा के कस्ता विविधता छन् ?**

➲ खानपान र पहिरनमा जातीय, क्षेत्रीय र सामुदायिक विविधता छन्।

(ङ) **कुन कुरा हाम्रो अनुपम पहिचान हो ?**

➲ हाम्रो मुलुकमा भाषा, धर्म र संस्कृतिको विविधता छ तर हामी विविधतालाई स्वकार्दै सबैलाई सम्मान गर्छौं, यही कुरा नै हाम्रो अनुपम पहिचान हो।

३. **दिइएका नाचहरू नेपालका कुन कुन समुदायसँग सम्बन्धित छन् ? ती कहाँ, कहिले र कसरी नाचिन्छन्, कक्षामा छलफल गरी बताउनुहोस् :**

➲

| नाचको नाम | नाचिने क्षेत्र | समुदाय | कहिले | कसरी |
|---|---|---|---|---|
| (क) साकेला | पूर्वी पहाड | राई | | |
| (ख) मारुनी | | | | |
| (ग) लाखेनाच | | नेवार | जात्रामा | |
| (घ) झिँझिया नाच | | | | |
| (ङ) सँगिनी नाच | | | | |
| (च) देउडा नाच | सुदुर पश्चिम | खस | | |
| (छ) धान नाच | पूर्वी पहाड | लिम्बू | | |
| (ज) हुड्केली नाच | | | | |

## भाषातत्त्व

**पदवर्ग : नाम**

१. **दिइएको अनुच्छेद पढी नाम वर्गका शब्दको पहिचान गर्नुहोस् :**
एक हुल भिक्षुहरू हाम्रो अगाडिबाट स्तूपको परिक्रमा गर्न थाले। "आहा ! कति राम्रो सहर ! उ : त्यो पर देखिएको भीसेन स्तम्भ होइन ?" मञ्जुले स्वयम्भूको प्राङ्गणबाट देखिन र सेतो स्तम्भ देखाउँदै बुबासँग खुसी व्यक्त गरिन्। साँच्चै त्यहाँबाट नारायणहिटी दरबार, सिंहदरबार, हनुमानढोका दरबार, एयरपोर्ट, कीर्तिपुर सबै प्रष्ट देखिँदो रहेछ। महिमा स्वयम्भूबाट देखिने काठमाडौँको दृश्य नियालिरहेकी थिइन्। उसको हातमा भएको प्रसादको झोला बाँदरले लुछेर लग्यो।

➲ **नाम वर्गका शब्दहरू :** हुल, भिक्षु, स्तुप, सहर, स्तम्भ, मञ्जु, प्राङ्गण, बुबा, खुसी, नारायणहिटी दरबार, सिंहदरबार हनुमानढोका दरबार, एयरपोर्ट, कीर्तिपुर, महिमा, काठमाडौँ दृश्य, हात, झोला, बाँदर

२. दिइएका शब्दहरूबाट एउटै उपवर्गमा पर्ने नामहरूको सूची बनाउनुहोस् :

➲

| भाववाचक नाम | व्यक्तिवाचक नाम | जातिवाचक नाम | समूहवाचक नाम | द्रव्यवाचक नाम |
|---|---|---|---|---|
| रिस, बसाइ, चोरी, युद्ध, मुस्व्याइँ, प्रेम, घृणा, मानवता, शिक्षा, पढाइ, जवानी, गरिबी, बाल्यावस्था | गोपाल, काठमाडौँ, कर्णाली, रामायण, मुनामदन, तिहार, होली, तिज, शोमिता, धरमपुर, दसैँ | फूल, गाई, माछो, किताब, घर, विद्यालय, जुत्ता, औँठी, टोपी, साइकल, कार | बथान, लहर, भिड, हुल, चाङ, खात, फौज, झुप्पो | वाफ, रगत, कुहिरो, ढुङ्गा, माटो, सुन, चाँदी, चामल, पानी, तेल |

३. दिइएको अनुच्छेदबाट बिसओटा नाम शब्द टिप्नुहोस् :

➲ **नाम शब्दहरू** : दसैँ स्मृति, हृदय, पहाड, गाउँ, संस्कृति, वर्ष, महिना, जिज्ञासा, बुबाआमा, भ्याउँकिरी, उत्तर, सोच झर्ना, कोसी, नदी, लेखनाथ, शोभा, घर्ती, पुर्खा, लुगा, पिङ, केरा, कुराउनी, सेलरोटी, मासुचिउरा, परिकार, दक्षिणा, तिहार, खुसी, पर्व, जीवन, मनोविज्ञान

## पदवर्ग : सर्वनाम

१. **दिइएको अनुच्छेदमा नामको सट्टामा उपयुक्त सर्वनाम पद प्रयोग गरी पुनर्लेखन गर्नुहोस् :**

(क) आमाबुबाले छोराछोरीलाई पढ्नका लागि धनगढी पठाए । छोराछोरीहरू त्यहाँ बसी धेरै पढे । छोरी पढिसकेपछि गाउँ फर्की । छोरीले गाउँमा एउटा विद्यालय खोली । केही वर्षपछि छोरो पनि गाउँमै फर्क्यो । छोराले पनि त्यस विद्यालयमा पढाउन थाल्यो । आमाबुबा खुसी हुनुभयो ।

➲ बाबुआमाले छोराछोरीलाई पढ्नका लागि धनगढी पठाए । तिनीहरूले त्यहाँ बसी धेरै पढे । छोरी पढिसकेपछि गाउँ फर्की । उसले गाउँमा एउटा विद्यालय खोली । केही वर्षपछि छोरो पनि गाउँमै फर्क्यो । उसले पनि त्यस विद्यालयमा पढाउन थाल्यो । बाबुआमा खुसी हुनुभयो ।

(ख) मेरी छोरी ज्ञानुले व्यवस्थापनमा स्नातक गरिन् । ज्ञानु आफ्नो गाउँमा गइन् । ज्ञानुले गाउँमा उद्योग खोलिन् । उद्योगमा धेरै मानिसहरूले जागिर पाए । मानिसहरूको आर्थिक स्थिति सुध्रियो ।

➲ मेरी छोरी ज्ञानुले व्यवस्थापनमा स्नातक गरिन् । उनी आफ्नो गाउँमा गइन् । उनले गाउँमा उद्योग खोलिन् । उद्योगमा धेरै मानिसहरूले जागिर पाए । उनीहरूको आर्थिक स्थिति सुध्रियो ।

२. **दिइएका सर्वनामलाई मिल्दाजुलदा उपवर्गमा सूचीकृत गर्नुहोस् :**

➲

| पुरुषवाचक | दर्शक | सम्बन्धबाचक | प्रश्नवाचक | निजवाचक |
|---|---|---|---|---|
| म, हामी, तँ, तिमी, तिमीहरू, तपाईं, ऊ, उनी, उनीहरू, उहाँ, उहाँहरू, तपाईं | यो, यी, ती, यिनीहरू, तिनीहरू | अरू, जो, जोसुकै, जेसुकै | कोही, केही, को, के | स्वयम्, आफू, आफैं |

३. **दिइएको गद्यांश पढी दशओटा सर्वनाम टिप्नुहोस् :**

म र भाइ बजार गयौँ। हामीले बजारमा तिमीलाई देख्यौँ। तिमी उमेर र राजीवसँग थियौ। उनीहरूले गिरार बोकेका थिए। उमेशले हामीलाई देखेर सोध्यो, "तपाईंहरू को-को बजार आउनु भएको ?"

मैले भने, "भाइ र म मात्र हो।"

मरो कुरा सुनेर तिमी उमेशसँग रिसायौ र भन्यौ, "जोसुकै आओस् न तँलाई किन चाहियो ?"

"यसलाई के भयो आज ?" तिम्रो पारा देखेर उमेश छक्क पऱ्यो।

➲ **सर्वनाम शब्द :** म, हामी, तिमी, उनीहरू, तपाईंहरू, को को, जोसुकै, तँ यस

४. **दिइएका सर्वनामलाई अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्नुहोस् :**

➲ **त्यो** - त्यो किन यता आयो ?

**तिनीहरू** - तिनीहरू, मिहिनेती विद्यार्थी हुन्।

**यी** - यी कहाँ जाँदै थिए।

**स्वयम्** - म स्वयम् यो काम गर्छु।

**जे** - जे पाकेको छ त्यही खाऊ।

**को** - को कथा भन्छ हँ ?

**के** - के आएर आयौ ?

**आफू** - आफू त दिनभरि पढिन्छ।

**उहाँ** - उहाँ निकै भलादमी हुनुहुन्छ।

**केही** - केही खाएर मात्र पढन बस है।

**प्रत्येक** - प्रत्येकले दुई पेज हस्तलेखन गर है।

**अरू** - अरू किन ढिला आएका ?

**सबै** - सबैले राम्रा काम गर्नुपर्छ।

**हजुर** - हजुर त असाध्यै परिश्रमी हुनुहुन्छ।

## पदवर्ग : विशेषण

१. **दिइएको गद्यांशबाट विशेषण शब्द पहिचान गरी लेख्नुहोस् :**

एक दिन दुइटा मृग पानी खान खोलामा पुगे । त्यस खोलामा एउटा ठुलो ब्वाँसो पनि पानी खान आयो । चलाख ब्वाँसो कमजोर मृगहरूसँग निहुँ खोज्न थाल्यो । धूर्त ब्वाँसोले भन्यो, "ए मेरा भान्जा हो ! यो पानी किन धमिलो बनाएको ?"

"प्रिय मामा ! सफा पानी त तपाईंले पो धमिलो बनाउनुभयो त । हामी त पानीमै पसेका छैनौ ।" सानो मृगले जवाफ दियो ।

➲ **विशेषण शब्द :** एक, दुइटा, एउटा, ठूलो, चलाख, कमजोर, घूर्त, धमिलो, प्रिय, सफा, सानो

२. **दिइएका पदावलीबाट विशेषण शब्द छानी तिनलाई मिल्दो उपवर्गमा वर्गीकरण गर्नुहोस् :**

प्रशस्त सम्पत्ति, सेतो हिमाल, उसको हात, मेरो किताब, बलियो हात्ती, तिम्री बहिनी, अलिकति अन्न, गतिलो भैँसी, बाङ्गो रुख, बुझक्कड भतिजी, यो कलम, त्यो गिलास, थोरै मल, बग्लो खोला, चड्दो उमेर, शीतल हावा, लाखौँ तारा, पाँच पाण्डव, सयौँ थुँगा, सांस्कृतिक सम्पदा, नैतिक बल, सप्त ऋषि, मलिलो बारी, यी मानिस, ती फूल, सबै नेपाली

➲

| गुणबोधक | सङ्ख्याबोधक | परिमाणबोधक | सार्वजनिक | भेदक |
|---|---|---|---|---|
| सेतो, बलियो, गतिला, बाङ्गो, बुझक्कड, शीतल, सांस्कृतिक, नैतिक, मलिलो | लाखौँ, पाँच, सयौँ, सप्त | प्रशस्त, अलिकति, थोरै, सबै | यो, त्यो, यी, ती | उसको, मेरो, तिम्री, बग्दो, चढ्दो |

३. **दिइएको अनुच्छेदबाट दशओटा विशेषण शब्द पहिचान गरी टिपोट गर्नुहोस् :**

मेरो नेपालमा सेता हिमाल, हरिया पहाड र उर्वरशील तराई छ । यहाँ विविध जातजाति, अनेक संस्कृति र सयौँ भाषाहरू छन् । मेहनती मानिस बसोबास गर्ने यस देशमा आफू मेरेर अरूलाई बचाउने वीर पुर्खाहरू जन्मेका थिए । स्वच्छ हावापानी र प्राकृतिक सभ्यतालाई जोगाइराख्न सक्ने वातावरण नेपालको पहिचान हो ।

➲ **विशेषण शब्द :** मेरो, सेता, हरिया, उर्वरशील, विविध, अनेक, सयौँ, मेहनती, वीर, स्वच्छ, प्राकृतिक

४. **"संस्कृतिको नयाँ यात्रा" निबन्धबाट पन्ध्रओटा विशेषण शब्दहरू टिप्नुहोस् ।**

➲ पुर्वी, एक, निलो, प्रवाहशील, दुर्गम, मेरो, गरिब, धनी, प्राकृतिक, खराब, साझा, नयाँ, गहुँगोरो, महान्, यी ।

## पदवर्ग : क्रिया

१. **दिइएको गद्यांशबाट क्रियापद पहिचान गरी लेख्नुहोस् :**
हामीभित्रको सभ्य बन्ने रहले बाबुबाजेका शिर झुके। बाबुका अर्ती बन्दी बने। बाजेका प्रिय वस्तु सङ्ग्रहालयका शोभा बन्न सकेनन् न त घरमा सजिए। पुर्खाका पहिरन, पाइतालाका डोब र पसिनाका दाना हाम्रा बनेनन्। हामी यिनका बन्न सकेनौं। हाम्रा सँगिनी, बालुन र रोदी पेलिए, धर्मकर्म विरूप बने। विश्वास बदलिए, वाद बहकिए। बाबुहरू ड्याड र आमाहरू मम्मी बने। हाम्रो बोलीमा बालुवाका कण मिसिए, जिब्रो लरबरियो पश्चिमी पारामा। आखिर यस्तो हुनुमा कसको भूमिका रह्यो ?

➲ **क्रियापद** : झुके, बने, सकेनन्, सजिए, बनेनन्, सकेनौं, पेलिए, बने, बदलिए, बहकिए, मिसिए, लरबरियो, रह्यो।

२. **दिइएका क्रियापद प्रयोग गरी आफूलाई मनपर्ने विषयमा छोटो अनुच्छेद लेख्नुहोस् :**
खान्छ, पढ्यो, गएको छ, कमाओस्, आउला, हेर, हिँड्दै थियो, बोल्छन्, उठेछ

➲ मेरो भाइ अशोक साह्रै असल छ। ऊ सधैँ समयमा खाना खान्छ। उसले एम एस्सीसम्म पढ्यो। ऊ अहिले पि. एच. डि पढ्न जापान गएको छ। उसले त्यहाँ केही पैसा पनि कमाओस् भन्ने बाआमाको चाहा छ। ऊ कहिले आउला भनेर उहाँहरू बाटो हेर्नुहुन्छ। हिजो म्यासेन्जरमा भिडियो कल गर्दा ऊ समुद्रको किनारमा हिँड्दै थियो। उसका जापानिज साथीहरू पनि आजकल नेपाली बोल्छन् रे। उसले आमालाई सपनाको कुरा पनि सुनायो। आमाले खाजा खान बोलाउनु भएछ। ऊ त ओछ्यानबाट जुरुक्क उठेछ।

३. **दिइएका क्रियापदलाई मिल्दो उपवर्गमा वर्गीकरण गर्नुहोस् :**

➲ (क) सुन्छ, हाँस्छे, दगुर्छन्, हुन्छ, ल्याउँछ, बनाउँछ छ, बाङ्गिन्छ, कलकलाउँछ, लेख्छ, हो, सुनिन्छ, भनिहाल्छ, भिजाउँदै छ

(ख) पढ्यो, भयो, आइपुगे, खोज्यौँ, फरफरायो, आइसक्यो, दियो, लेखिसकेछ

(ग) गएको हुनेछ, भुतभुताउने छ,

४. **दिइएको अनुच्छेदबाट बाह्रओटा क्रिया टिप्नुहोस् :**
पानी पर्दै छ। मन चञ्चल भएको छ। झरीले बाढी र पहिरो ल्यायो। त्यही भएर मनको शान्ति हरायो। जाजरकोटमा पहिरो गएर घरबास बगायो। ताप्लेजुङमा तमोर खोलाले धानखेत पुऱ्यो। कोसीमा पनि बाढी आएछ। रेडियो सुन्छु र टेलिभिजन हेर्छु। यसले प्रत्येक नेपालीलाई छुन्छ। यसले पहिरो पीडितलाई त रुवाउँछ। छिमेकीहरू पनि पीडामा पर्छन्। हरियो वन सुक्खा पहाड बन्दछ। पहिरोमा परेर मानिसहरू घाइते हुन्छन्। डाक्टर पनि सक्रिय हुन्छन्। नेपाललाई बाढी र पहिरोबाट जोगाउनुपर्छ। यसका लागि वृक्षारोपण गर्नुहोस्।

➲ **क्रियापदहरू** : पर्दै छ, भएको छ, ल्यायो, हरायो, बगायो, हेर्छु, हुन्छ, रुवाउँछ, जोगाउनुपर्छ, गर्नुहोस्, आएछ, बन्दछ

"संस्कृतिको नयाँ यात्रा" निबन्धको दोस्रो अनुच्छेदबाट पन्ध्रओटा क्रियापद टिप्नुहोस् :

५. ➲ क्रियापदहरू : हो, रहेछौँ, रहेछ, थालेँ, पुगेँ, भयो, पाएँ, मनाउँथे, गर्थे, सुनाउँथे, गाउँथे, थिएँ, बुझेँ, गरेँ, थिए ।

## सिर्जना र परियोजना

१. **दिइएको गद्यांशको शीर्षवाक्य, विस्तार वाक्यहरू र निष्कर्ष वाक्यसहितको अनुच्छेद संरचनाका आधारमा उस्तै अर्को अनुच्छेद रचना गर्नुहोस् :**

नेपाली भूगोल ससाना झारपातदेखि ठुला ठुला तर विविधतामय वनस्पतिले भरिपूर्ण छ। हिमाली भूखण्ड जडीबुटी र दुर्लभ वृक्ष तथा वनस्पतिले ढाकिएको छ। यहाँ मृतसञ्जीवनी बुटी छन्, शक्तिवर्द्धक यार्सागुम्बा, प्राणवर्द्धक पाखनबेत, ठुला ओखती र चिराइतोहरू छन् । देवदार, धुपी सल्ला, गोब्रे सल्ला, गुराँस लगायतका अनेकौँ कोणधारी वृक्षहरू यस भूखण्डमा पाइन्छन् । पहाडी भूभागमा घना र सदाबहार जङ्गलहरू छन्, भ्यास र झाडीहरू छन् । एक्काइसौँ शताब्दीमा पनि प्राकृतिक सभ्यतालाई बचाइराख्न सक्ने अनेक फलफूल र कन्दमूल छन् । यस भूखण्डमा चाँप, ओखर, कटुस, सल्ला, उत्तिस, चिलाउने, बिलाउने, बाँस, पैयुँ, चिउरीलगायतका रुखहरू पाइन्छन् । त्यस्तै तराईको चारकोसे झाडी त संसारप्रसिद्ध छ । खासल, सिसौ, खयर, आँप, सिमल जस्ता महत्त्वपूर्ण वृक्षहरू पाइने तराईमा घोडताप्रे, कागते घाँस, तितेपानी, वनमारालगायतका औषधीय गुणयुक्त वनस्पति पनि पाइन्छन् । वानस्पतिक विविधताले नेपाल भरिपूर्ण छ।

२. **"राम्रो स्वास्थ्यबाट मात्र सुखी जीवन सम्भव छ" भन्ने शीर्ष वाक्यलाई आधार बनाइ एउटा अनुच्छेद तयार पार्नुहोस् :**

➲ राम्रो स्वास्थ्यलाई मात्र सुखी जीवन सम्भव छ। स्वास्थ्य नै मानिसको पहिलो धन हो। मानिस स्वस्थ छ भने उसको जीवन सुखी हुन्छ। शारीरिक रूपमा स्वस्थ मानिस मानसिक रूपमा पनि स्वस्थ हुन्छ र उसले विभिन्न सिर्जनात्मक काम गरी जीवन सुखी बनाउँछ। अस्वस्थ मानिसको ध्यान आफ्नो स्वास्थ्य कसरी सुधार्ने भन्नेमा मात्र केन्द्रित हुन्छ, उसले अन्य कुरा सोचविचार गर्नै पाउँदैन। अस्वस्थ मानिसको धेरै समय अस्पताल धाउदै र औषधी किन्दैमा बित्छ। सुखी जीवन यापनका लागि त स्वस्थ स्वास्थ्य नभइ हुँदैन । आफ्नो स्वास्थ्य राम्रै छ भने मानिसले अनेक शारीरिक परिश्रम गर्दै सुखी जीवन बिताउन सक्छ। स्वास्थ्य खराब भए जति नै धन दौलत भए पनि मानिसको जीवन सुखी हुन सक्दैन। शारीरिक रूपमा अस्वस्थ मानिस मानसिक रूपमा समेत कमजोर हुन्छ। जीवनलाई सुखी बनाउने छ भने मानिसले सबैभन्दा पहिले आफ्नो स्वास्थ्यमा ध्यान दिनुपर्छ। स्वास्थ्य राम्रो बनाउन आवश्यक खानपान, व्यायाम तथा स्वास्थ जीवनशैलकिा उपायहरूसमेत अपनाउनु आवश्यक छ। राम्रो स्वास्थ्य नै सुखी जीवनको आधार हो।

३. **तपाईंको समुदायमा प्रचलित एउटा लोकगीत सङ्कलन गर्नुहोस् र उक्त लोकगीत कक्षामा सुनाउनुहोस् :**